रेडक्रस

नेरेसो

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५८, अङ्क ३ | २०८३ असोज | September-October 2026

रसुवा भोटेकोसी बाढी प्रभावित क्षेत्रमा आइएफआरसीका महासचिव जगन चापागाईंको अनुगमन

काठमाडौँ, असोज १५ गते । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का महासचिव जगन चापागाईंले रसुवा भोटेकोसी बाढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्नुभएको छ । अनुगमनका क्रममा नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखाले सञ्चालन गरेको बाढी प्रतिकार्यका गतिविधि तथा आगामी कार्ययोजनाबारे जानकारी लिनुभएको हो ।

सो अवसरमा महासचिव चापागाईंले विपद्को कठिन परिस्थितिमा प्रभावित समुदायको सेवामा निरन्तर खटिनुभएका नेपाल रेडक्रसका स्वयंसेवक तथा कर्मचारीहरूप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले बाढी प्रभावित समुदायको मानवीय आवश्यकताका क्षेत्रमा आवश्यक सहयोग गर्न आइएफआरसी सधैँ तयार रहेको बताउनुभएको थियो ।

अनुगमनमा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालको पनि सहभागिता रहेको थियो । सो अवसरमा महामन्त्री खनालले केन्द्रीय कार्यालयबाट सञ्चालन भएका बाढी प्रतिकार्यका प्रगति तथा आगामी योजनाबारे जानकारी गराउनु भएको थियो। यस्तै रसुवा भोटेकोसी बाढी प्रतिकार्यका क्रममा जिल्ला



शाखाबाट भएका गतिविधिबारे नुवाकोट जिल्ला शाखाका सभापति हरि श्रेष्ठले जानकारी गराउनुभएको थियो ।

भ्रमणका क्रममा महासचिव चापागाईं नेतृत्वको टोलीले विदुर नगरपालिकाका मेयर राजनलाल श्रेष्ठ, उपमेयर प्रभा बोगटी, प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी तथा त्रिभुवन त्रिशूली उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र दवाडीसँग भेटघाट गरी बाढीपछिको प्रतिकार्य, प्रभावित समुदायको अवस्था तथा आगामी दिनमा गर्न सकिने सहयोग र कार्यक्रमबारे छलफल गर्नुभएको थियो ।



यस्तै नेपाल रेडक्रस सोसाइटीबाट विदुर नगरपालिका-१० का बाढी प्रभावित परिवारलाई बहुउद्देश्यीय नगद सहायता हस्तान्तरणका लागि आयोजित कार्यक्रममा महासचिव चापागाईंले सहभागिता जनाउनु भएको थियो । महासचिव चापागाईंले नेपाल रेडक्रसद्वारा सञ्चालित रेडक्रस आपत्कालीन क्लिनिककोसमेत निरीक्षण गरी प्रदान भइरहेका स्वास्थ्य सेवाबारे पनि जानकारी लिनुभएको थियो ।

रसुवा भोटेकोसी बाढीबाट प्रभावित समुदायको पीडामा साथ दिँदै राहत, स्वास्थ्य, खानेपानी, संरक्षण तथा अन्य मानवीय आवश्यकताका क्षेत्रमा रेडक्रसको प्रतिकार्यलाई थप प्रभावकारी बनाउने विषयमा भ्रमणका क्रममा महत्त्वपूर्ण छलफल भएको छ ।

सम्पादकीय

उत्थानशीलताको सुरूवात घरबाटैः सुरक्षित समुदाय निर्माणमा रेडक्रसको भूमिका

हरेक वर्ष अक्टोबर १३ मा मनाइने अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस (International Day for Disaster Risk Reduction-IDDRR) यस वर्ष 'उत्थानशीलताको सुरुवात घरबाटै' (Resilience Starts at Home) नाराका साथ देशभर मनाइएको छ । यस नाराले विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको सुरुवात आफ्नै घर, परिवार र समुदायबाट हुनुपर्ने सन्देश दिएको छ । सम्भावित जोखिमबारे जानकारी राख्नु, पूर्वसूचनालाई बुझेर समयमै निर्णय लिन सक्नु, सुरक्षित स्थान पहिचान गर्नु र विपद्का बेला आवश्यक पर्ने आधारभूत सामग्रीको तयारी गर्नु नै उत्थानशीलताको पहिलो खुड्किलो हो । तर विपद्को जोखिम बढ्दै गएको वर्तमान अवस्थामा व्यक्तिगत तयारी मात्र पर्याप्त छैन; यसका लागि राज्य, समुदाय र मानवीय संस्थाहरूको साझा प्रतिबद्धता र निरन्तर प्रयास आवश्यक छ ।

नेपालको भौगोलिक बनोट, मनसुनजन्य जोखिम र जलवायु परिवर्तनका असरले बाढी, पहिरो, भूकम्पलगायतका विपद्को जोखिम बढाइरहेका छन् । पछिल्लो समय रसुवा-भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी र गोरखामा देखिएको बाढीजन्य जोखिमले विपद्को प्रभाव तत्कालीन जनधनको क्षतिमा मात्र सीमित नरहने यथार्थ उजागर गरेका छन् । बाढीले घरपरिवार विस्थापित हुनु, सडक तथा पुलमा क्षति पुग्नु, खानेपानी र सञ्चार सेवा अवरुद्ध हुनु तथा स्थानीयको जीविकोपार्जन प्रभावित हुनुजस्ता समस्याले समुदायलाई लामो समयसम्म असर पार्छन् । यी घटनाले विपद् आएपछि उद्धार र राहतमा जुट्नु जति आवश्यक छ, विपद्अघि नै जोखिम पहिचान र न्यूनीकरणमा ध्यान दिनु पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने पाठ सिकाएका छन् ।

नेपाल रेडक्रस सोसाइटीले विपद्का बेला खोज तथा उद्धारमा सहयोग, प्राथमिक उपचार, राहत सामग्री वितरण, अस्थायी आश्रय, स्वास्थ्य तथा सरसफाइ सेवा र प्रभावित समुदायको संरक्षणका लागि मानवीय सहायता प्रदान गर्दै आएको छ । रसुवा-भोटेकोशी बाढी प्रतिकार्यका क्रममा पनि रेडक्रसले प्रभावित समुदायको आवश्यकता सम्बोधन गर्न राहत सामग्री वितरण, अस्थायी आश्रयमा सहयोग, स्वास्थ्य तथा सरसफाइसम्बन्धी सहायता र महिला तथा बालबालिकाको संरक्षणलगायतका कार्यमा जोड दिएको छ । रेडक्रसका स्वयंसेवक र स्थानीय सञ्जालले कठिन परिस्थितिमा प्रभावित परिवारसम्म सहायता पुऱ्याउन निर्वाह गर्ने भूमिका मानवीय सेवाको महत्त्वपूर्ण आधार हो । यस्ता प्रयासले तत्कालीन आवश्यकता सम्बोधन गर्नुका साथै प्रभावित परिवारलाई पुनः सामान्य जीवनतर्फ फर्कन सहयोग पुऱ्याउँछन् ।

सम्भावित क्षति न्यूनीकरण गर्न विशेषगरि नदी तटीय तथा पहिरोको जोखिममा रहेका बस्तीमा समयमै सूचना पुऱ्याउने, सुरक्षित स्थान र निकास मार्ग पहिचान गर्ने तथा बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलगायत जोखिममा रहेका समूहको आवश्यकतालाई ध्यानमा राखेर पूर्वतयारी योजना बनाउनु आवश्यक छ । स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था र समुदायसँगको सहकार्यमा गरिने यस्ता अभ्यासले विपद्का बेला जीवन बचाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछन् ।

विपद्पछिको पुनर्लाभलाई दिगो बनाउन सुरक्षित आवास, स्वच्छ खानेपानी, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनका अवसर सुनिश्चित गर्नु आवश्यक छ । पुनर्निर्माणमा भविष्यका जोखिमलाई ध्यान दिँदै प्रभावित समुदायको सहभागिता र स्रोतसाधनको पारदर्शी उपयोगमा जोड दिनुपर्छ । यसका लागि सरकार, स्थानीय तह, समुदाय र मानवीय संस्थाबीच प्रभावकारी समन्वय अपरिहार्य छ । नेपाल रेडक्रस सोसाइटीले आफ्नो देशव्यापी सञ्जाल र स्वयंसेवकमार्फत पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

प्रधान सम्पादक : ऋषिरमण खनाल
कार्यकारी सम्पादक : विपुल न्यौपाने
सहायक सम्पादक : सुशीला ढकाल

बाढी प्रभावितलाई एक लाख सहयोग

काठमाडौं, असोज २० गते । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल रेडक्रस सोसाइटीबिच समुन्नति कार्यक्रमअन्तर्गत रसुवा-भोटेकोशी बाढीबाट प्रभावित परिवारलाई नगद सहायता उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको छ ।

मन्त्रालयमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षा मन्त्री सीता बादीको उपस्थितिमा मन्त्रालयका कार्यवाहक सचिव चक्रबहादुर बुढा र नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा.विशालकुमार भण्डारीले हस्ताक्षर गर्नुभएको थियो । हस्ताक्षर कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनाल, रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ आइएफआरसी नेपाल प्रमुख डेभिड फिसरको उपस्थिति रहेको थियो ।

सम्झौताअनुसार नेपाल रेडक्रस सोसाइटीले रसुवा-भोटेकोशी बाढीबाट प्रभावित ६३ जिल्लाका लक्षित परिवारलाई प्रतिपरिवार रु.१००००० (एक लाख) का दरले नगद सहायता उपलब्ध गराउने सम्झौता भएको छ ।



बाढीबाट प्रभावित परिवारका तत्कालीन तथा प्राथमिक आवश्यकता सम्बोधन गर्दै उनीहरूको जीवनयापन सहज बनाउन, पुनर्लाभ तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहायता प्रदान गर्न लागिएको हो ।

प्रभावित व्यक्तिहरूको तथ्याङ्क राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट उपलब्ध गराइनेछ । बाढीबाट प्रभावित झण्डै ६ हजार परिवार रहेको प्रारम्भिक अनुमान छ । प्राप्त तथ्याङ्क तथा आवश्यक प्रमाणीकरणका आधारमा लाभग्राही पहिचान गरी सम्बन्धित लाभग्राहीको बैंक खातामा रकम सिधै जम्मा गरिनेछ । यसबाट सहायता वितरण प्रक्रियालाई सहज, पारदर्शी र प्रभावकारी बनाउने लक्ष्य राखिएको छ ।

प्राप्त रकम परिवारले आफ्नो प्राथमिकताअनुसार खाद्यान्न, कपडा, स्वास्थ्य तथा सरसफाइ, अत्यावश्यक घरायसी सामग्री, यातायात, सञ्चार तथा जीविकोपार्जनमा आवश्यक काममा प्रयोग गर्न सक्नेछन् ।

शाश्वत वाणी

"समाज प्रायः भ्रमको पछि कुदछ, त्यसैले आफ्नो विवेकलाई अरुको सल्लाहले मर्न नदिनू ।"
- पुष्कर शमशेर

स्वास्थ्य सेवा गतिविधि

उत्तरगया होल्डिङ सेन्टरमा आँखा जाँच तथा उपचार शिविर

रसुवा, असोज १० गते । नेपाल रेडक्रस सोसाइटी रसुवा जिल्ला शाखाको आयोजनामा उत्तरगया गाउँपालिका-५ स्थित निलकण्ठ होल्डिङ सेन्टरमा आँखा जाँच तथा उपचार शिविरको आयोजना गरिएको छ । रसुवा भोटेकोशी नदीमा आएको बाढीपछि उत्पन्न स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै तिलगङ्गा आँखा प्रतिष्ठानको प्राविधिक सहयोगमा शिविरको आयोजना गरिएको हो ।

शिविरबाट ५४ जना बालबालिका तथा प्रौढहरूले आँखा जाँच तथा उपचार सेवा लिनु भएको छ । क्लिनिकल परीक्षणका क्रममा ७ जनामा विभिन्न प्रकारका आँखा सम्बन्धी समस्या पहिचान भएको थियो ।

समस्या देखिएका सबै ७ जना सेवाग्राहीलाई आवश्यक उपचार, औषधि तथा स्वास्थ्यसम्बन्धी परामर्श तत्काल प्रदान गरिएको थियो । बिरामीहरूका लागि आवश्यक सम्पूर्ण औषधि तिलगङ्गा आँखा प्रतिष्ठानले उपलब्ध गराएको थियो ।



निःशुल्क आँखाको शल्यक्रिया शिविर सम्पन्न

सुर्खेत, असोज ८ गते । नेपाल रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पतालको प्राविधिक सहयोगमा डोल्पा जिल्लामा भएको निःशुल्क आँखा शल्यक्रिया शिविरबाट एक हजार चार सय ६७ जनाले सेवा लिनुभएको छ ।

डोल्पा जिल्लाको ठुली भेरी नगरपालिकाको आयोजना, च्यारिटी हेल्थ फाउण्डेशन र आई केयर फाउण्डेशनको आर्थिक सहयोगमा भएको शिविरमा ६ सय ३१ जनाको आँखा जाँच गरिएको थियो । जसमध्ये ४० जनाको मोतियाविन्दुको अपरेशन र ५ जनाको सानो अपरेशन गरिएको थियो ।

यस्तै त्रिपुरासुन्दरी नगरपालिकाको आयोजना र च्यारिटी हेल्थ फाउण्डेशनको आर्थिक सहयोगमा भएको शिविरमा ८ सय ३६ जनाले आँख जाँच गराउनुभएको थियो । जसमध्ये ३० जनाको मोतियाविन्दुको अपरेशन र १५ जनाको सामान्य अपरेशन गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पतालले शिविरमार्फत ग्रामीण भेगसम्म आखाँ उपचार सेवा पुऱ्याउँदै आएको छ ।





विद्यालयमै पुगेर हैजा विरूद्धको खोप

बाढी प्रभावित क्षेत्रमा हैजा तथा अन्य पानीजन्य रोगको जोखिमलाई मध्यनजर गर्दै हैजा रोकथाम तथा नियन्त्रणका लागि खोप अभियान जारी छ ।

नेपाल रेडक्रस सोसाइटीबाट परिचालित स्वास्थ्य स्वयंसेवकहरूले विदुर नगरपालिकाभित्रका सरकारी तथा निजी विद्यालयहरूमा पुगेर यसअघि हैजा खोप खुवाउन छुटेका शिक्षक तथा विद्यार्थीहरूलाई खोप खुवाउने कार्य सम्पन्न गरेका छन् ।



बाढी प्रतिकार्य

मनसुन प्रतिकार्य





काठमाडौँ, असोज १६ गते । सन् २०२६ सेप्टेम्बर २४ देखि २७ सम्म बङ्गालको खाडीमा विकसित भएको न्यून चापीय प्रणालीका कारण परेको अविरल भारी वर्षाले नेपालका गण्डकी, लुम्बिनी, बागमती र मधेश प्रदेशका विभिन्न क्षेत्रहरूमा व्यापक बाढी, पहिरो तथा डुबानको समस्या सिर्जना गर्यो । यसअघि नै जल तथा मौसम विज्ञान विभागले भारी वर्षा र बाढी-पहिरोको पूर्वसूचना जारी गर्दै उच्च सतर्कता अपनाउन र सेवा अवरोधबाट बच्न आह्वान गरेको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को अद्यावधिक तथ्याङ्क अनुसार यस मनसुनजन्य विपद्का कारण ३० जनाले ज्यान गुमाएका छन् भने १५ जना घाइते भएका छन् र ३ जना अझै बेपत्ता रहेका छन् । यस घटनाबाट कुल १,९२३ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने २३४ वटा घर पूर्ण रूपमा नष्ट भएका र १५० वटा घरमा आंशिक क्षति पुगेको छ । साथै, बाढी तथा पहिरोका कारण पृथ्वी, बीपी, अरनिको, पासाङ ल्हामु, सिद्धार्थ, मध्यपहाडी र नारायणगढ-मुग्लिन जस्ता मुख्य राजमार्ग तथा रणनीतिक सडक खण्डहरू पूर्ण वा आंशिक रूपमा अवरुद्ध हुन पुगेका छन् ।

विपद्को यस कठिन परिस्थितिमा नेपाल रेडक्रस सोसाइटीले आफ्नो आपतकालीन कार्यसञ्चालन केन्द्र (EOC) र तालिमप्राप्त स्वयम्सेवकहरूमार्फत स्थानीय सरकारी निकायहरूसँगको समन्वयमा खोज, उद्धार तथा जोखिममा परेका परिवारहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई तीव्र बनाएको छ । प्रभावित परिवारहरूको तात्कालिक मानवीय आवश्यकता सम्बोधन गर्न रेडक्रसले आपत्कालीन आश्रय तथा गैर-खाद्य राहत सामग्रीका रूपमा १३४ थान त्रिपाल, २४२ थान कम्बल, १६४ थान म्याट्रेस, ७६ सेट डिग्निटी (मर्यादा) किट, ३३ सेट भाँडाकुँडा, २० सेट किशोरी किट र १० थान बाल्टी वितरण गरेको छ ।

जिल्लास्तरीय विशेष पहल अन्तर्गत म्यार्दीको अन्नपूर्ण गाउँपालिका-५ पौद्वारका करिब १०६ जना प्रभावितहरूलाई हेलिकप्टरमार्फत सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ र रेडक्रसले जिल्ला प्रशासन कार्यालयमार्फत ४० थान कम्बल हेलिकप्टरबाटै पठाएको छ । त्यसैगरी नवलपरासी पूर्वमा १५० जना प्रभावितहरूलाई उद्धार गरी स्थानीय विद्यालय तथा पार्टी प्यालेस जस्ता सुरक्षित स्थानहरूमा राखिएको छ भने रुपन्देही र पाल्पामा बाढी पूर्वसूचना समितिसँगको सहकार्यमा तटीय क्षेत्रका बासिन्दाहरूलाई नियमित रूपमा पूर्वसूचना सन्देशहरू प्रवाह भइरहेको छ । यसका साथै, सञ्चार सम्पर्क विच्छेद भएका प्रभावित क्षेत्रहरूमा जेनेरेटर परिचालन गरी मोबाइल चार्जिङ तथा पारिवारिक सम्पर्क पुनर्स्थापना (RFL) मार्फत "म सुरक्षित छु" भन्ने सन्देश आफन्तसम्म पुऱ्याउने मानवीय कार्य समेत भइरहेको छ ।

हाल बाढी तथा पहिरो प्रभावित क्षेत्रहरूमा त्रिपाल, टेन्ट, कम्बल, म्याट्रेस जस्ता आपतकालीन आश्रय सामग्री र तयारी खाद्यान्न (Ready-to-eat food) को उच्च आवश्यकता रहेको छ । नेपाल रेडक्रस सोसाइटीले विकसित हुँदै गएको स्थितिको निरन्तर अनुगमन गरिरहेको छ र स्थानीय आवश्यकताका आधारमा राहत तथा पुनर्स्थापनाका प्रयासहरूलाई थप विस्तार गर्दै लैजाने योजना बनाएको छ ।

बुढी गण्डकी बाढी प्रतिकार्य

काठमाडौँ, असोज २९ गते । सन् २०२६ अक्टोबर ११ (असोज २५ गते) को बिहानै गोर्खा जिल्लाको बूढीगण्डकी नदीमा आएको आकस्मिक बाढीले मनास्लु र चुम उपत्यका क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । बाढीका कारण स्थानीय नागरिकका घरहरू, अस्थायी आश्रयस्थलहरू, झोलुङ्गे पुलहरू, सडक पूर्वाधारहरू र निर्माणाधीन 'सहज ऊर्जा पावरहाउस' मा गम्भीर क्षति पुगेको छ । विशेष गरी सोती स्टिल पुल र नयाँपुलको केही भाग बगेपछि प्रभावित दुर्गम क्षेत्रहरूतर्फको यातायात सञ्जाल पूर्ण रूपमा विच्छेद हुन पुगेको छ । बाढीको जोखिम बढेसँगै सरकारी निकायहरूले बूढीगण्डकी तथा तटीय त्रिशूली नदी आसपासका बासिन्दाहरूका लागि पूर्वसूचना र सुरक्षा सतर्कता सन्देशहरू जारी गरेका थिए ।

(बाँकी पृष्ठ ५ मा)



Photo: Distribution of NFRIs in Dharche

विपद् व्यवस्थापन गतिविधि

गोर्खा बाढी...

विपद्का कारण पुगेको क्षतिको एकिन गर्न सञ्चालित प्रारम्भिक द्रुत लेखाजोखा (IRA) अनुसार यस घटनाबाट कुल १७४ घरधुरी प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । प्रभावित क्षेत्रहरू मध्ये गोर्खाको धार्चे गाउँपालिकामा ५७ घरधुरी, चुमनुब्री गाउँपालिकामा ३५ घरधुरी, र आरूघाट गाउँपालिकामा २४ घरधुरी रहेका छन् भने धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकामा ५८ घरधुरी प्रभावित भएका छन् । दुर्गम भौगोलिक अवस्था र अवरुद्ध सडकका बाबजुद राष्ट्रिय तथा स्थानीय निकायहरू, सुरक्षा निकाय र रेडक्रसले उद्धार र सहायता कार्यलाई निरन्तरता दिएका छन् ।

नेपाल रेडक्रस सोसाइटीले बाढी आए लगत्तै स्थानीय जनप्रतिनिधिहरू (धार्चे गाउँपालिकाकी उपाध्यक्षसहित) तथा गोर्खा र धादिङ जिल्ला शाखाहरूसँग निरन्तर समन्वय गरी सूचना सङ्कलन र प्रतिकार्य योजना तयार गरेको थियो । यसै गरी, धादिङ जिल्ला शाखाले तटीय क्षेत्रका जोखिमयुक्त समुदायहरूमा माइकिङ (Miking) मार्फत पूर्वसूचना तथा सुरक्षा सन्देशहरू प्रवाह गरेको थियो । रेडक्रसका कर्मचारी तथा तालिमप्राप्त स्वयम्सेवकहरूले आरूघाट, चुमनुब्री, धार्चे र त्रिपुरासुन्दरी गाउँपालिकाहरूमा द्रुत लेखाजोखा सम्पन्न गरी तत्काल आवश्यक गैर-खाद्य राहत सामग्री वितरण गरेका छन् ।

राहत वितरण कार्य अन्तर्गत नेपाल रेडक्रस सोसाइटीले चुमनुब्री गाउँपालिकामा ३० थान त्रिपाल, आरूघाट गाउँपालिकामा २८ थान टेन्ट, २८ सेट भाँडाकुँडा, ५६ थान कम्बल र २८ थान म्याट्रेस वितरण गरिसकेको छ । त्यसै गरी धार्चे गाउँपालिकामा ८ थान टेन्ट, ८ सेट भाँडाकुँडा, १६ थान कम्बल र ८ थान म्याट्रेस हस्तान्तरण गरिएको छ । यसरी रेडक्रसले हालसम्म कुल ३० थान त्रिपाल, ३६ थान टेन्ट, ३६ सेट भाँडाकुँडा, ७२ थान कम्बल र ३६ थान म्याट्रेस वितरण गरी प्रभावित परिवारहरूको तात्कालिक मानवीय आवश्यकता सम्बोधन गरिरहेको छ ।

रसुवा भोटेकोशी बाढी प्रतिकार्यबारे गृह मन्त्रालयमा छलफल

काठमाडौँ, असोज ६ गते । नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशाल कुमार भण्डारी, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (IFRC) का एसिया प्रशान्त क्षेत्रीय निर्देशक Alexander Matheou, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (IFRC) का नेपाल प्रमुख David Fisher ले गृह मन्त्रालयमा गृहमन्त्री सुधन गुरुङसँग भेटवार्ता गर्नुभएको छ ।

भेटमा हालै रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावित समुदायको मानवीय अवस्था, नेपाल रेडक्रसको प्रतिकार्य तथा राहत र पुनर्स्थापनाका प्रयासबारे जानकारी आदानप्रदान भएको थियो। साथै, प्रभावित समुदायलाई आवश्यक मानवीय सहायता निरन्तर पुऱ्याउने तथा आगामी दिनमा सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो ।



बाढी प्रभावित परिवारलाई गैह्र खाद्य राहत वितरण

म्याग्दी, असोज १३ गते । नेपाल रेडक्रस सोसाइटी म्याग्दी जिल्ला शाखाले बेनी नगरपालिका वडा नं. १ सिम आनन्दबगरका बाढीपहिरो प्रभावित १० घर परिवारलाई गैह्र खाद्य राहत वितरण गरेको छ ।

वितरण गरिएका सामग्रीहरूमा त्रिपाल १० थान, कम्बल २० थान, भाडा १० सेट, नाइलन डोरी १०० मिटर, प्रीन्ट कपडा ५० मिटर, मेट्रेक्स १० थान, टर्च लाइट २ थान, प्लास्टिक बाल्टीन ४ थान, हात धुने साबुन, लुगा धुने साबुनलगायतको व्यक्तिगत सफाई सामग्री २ सेटलगायतका सामग्रीहरू रहेका छन् ।



पिजीआई गतिविधि

यौन हिंसा र दुर्व्यवहार सम्बन्धी घटनाको अनुसन्धानकर्ता अन्तर्राष्ट्रिय तालिम सम्पन्न

काठमाडौँ, असोज ९ गते । यौन हिंसा र दुर्वयवहार सम्बन्धी घटनाको अनुसन्धानकर्ता अन्तर्राष्ट्रिय तालिम ललितपुरमा सम्पन्न भएको छ। तालिमको शुभारम्भ ब्रिटिस रेडक्रसका नेपाल प्रमुख किर्ती रे ले गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटीको आतिथ्यतामा र IFRC, British Red Cross, The Netherlands RC, and CHS alliance को आयोजनामा सञ्चालन भएको छ दिने तालिम सम्पन्न भएको हो ।

तालिमको समापन कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशालकुमार भण्डारीले यौन हिंसा र दुर्व्यवहार विरूद्ध शून्य सहनशीलता नारामात्रै नभई यसलाई प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। डा. भण्डारीले वर्तमान केन्द्रीय समितिको पहिलो बैठकबाट गोप्य तथा समवेदनशील सूचनादाताको संरक्षणलगायत सेफागार्डिङ अवधारणा संस्थागत गर्न नीतिगत निर्णय गरेर अगाडि बढेको जानकारी दिनुभयो ।



समापन कार्यक्रममा केन्द्रीय सदस्यहरू पुष्पा दास, अविस्मी न्यौपाने र मञ्जु साउँदको उपस्थिति रहेको थियो भने बङ्लादेश, स्विडेन, ब्रिटेन र नेपालका राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीका १९ जनाको सहभागिता रहेको थियो ।

१३ स्थानमा बालमैत्री केन्द्र स्थापना र सहजीकरण

रसुवा, असोज १३ गते । विपद्का कारण प्रभावित बालबालिकाको संरक्षण, सुरक्षित वातावरण तथा उनीहरूको मनोसामाजिक एवम् सामाजिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल रेडक्रस सोसाइटीले युनिसेफको सहयोगमा रसुवाका विभिन्न स्थानमा १३ वटा बालमैत्री केन्द्र स्थापना गरेको छ । भोटेकोशी बाढी तथा त्यसबाट उत्पन्न विपद्को अवस्थालाई मध्यनजर गर्दै स्थापना गरिएका यी बालमैत्री केन्द्रहरूले प्रभावित बालबालिकालाई सुरक्षित, सहज र बालमैत्री वातावरण उपलब्ध गराउने उद्देश्य राखेका छन् । केन्द्रहरूमा बालबालिकाको उमेर तथा आवश्यकताअनुसार खेलकुद, मनोरञ्जन, सिकाइ, सिर्जनात्मक गतिविधि तथा मनोसामाजिक सहयोगसम्बन्धी गतिविधिहरू सञ्चालन गरिरहेका छन् ।



हालसम्म स्थापना गरिएका १३ वटा बालमैत्री केन्द्रमध्ये ९ वटा केन्द्र सञ्चालनमा रहेका छन् भने ४ वटा केन्द्र सञ्चालनका लागि तयारी तथा प्रक्रियामा रहेका छन् । सञ्चालनमा रहेका केन्द्रहरूमा हालसम्म ४६२ जना बालबालिकाहरु रहेका छन् ।

सञ्चालनमा रहेका बालमैत्री केन्द्रहरूमा सहभागी ४६२ जना बालबालिकामध्ये २१९ जना बालक र २४३ जना बालिका रहेका छन् । उमेर समूहका आधारमा ८८ जना ५ वर्षभन्दा कम उमेरका र ३७४ जना ५ वर्षभन्दा माथिका बालबालिका रहेका छन् । सहभागी बालबालिकामध्ये १ जना अपाङ्गता भएका बालबालिकासमेत छन् । बालमैत्री केन्द्रहरूले विपद्पछिको कठिन परिस्थितिमा बालबालिकालाई सुरक्षित र सकारात्मक वातावरणमा आफ्ना भावना व्यक्त गर्ने, साथीहरूसँग घुलमिल हुने, खेल्ने तथा विभिन्न सिर्जनात्मक र सिकाइ गतिविधिमा सहभागी हुने अवसर प्रदान गरिरहेका छन् ।

विपद् व्यवस्थापन गतिविधि

बाढी प्रभावित गल्छीका १८० घरधुरीलाई पुनः खानेपानी

धादिङ, असोज १४ गते । बाढीका कारण खानेपानीको समस्या झेलिरहेका धादिङको गल्छी गाउँपालिका-६ बैरेनीका १८० घरधुरीमा पुनः खानेपानी सेवा सञ्चालनमा आएको छ ।

नेपाल रेडक्रस सोसाइटी धादिङ जिल्ला शाखाद्वारा सञ्चालित 'रसुवा बाढी प्रतिकार्य कार्यक्रम' अन्तर्गत महेशखोला-भट्टार-जिन्टेटार डिप बोरिङ खानेपानी मर्मत योजना सम्पन्न भएपछि स्थानीयवासीका घरघरमा पुनः खानेपानी पुगेको हो ।

मर्मत कार्य सम्पन्न भएपछि आयोजित कार्यक्रममा गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडाले खानेपानी योजनाको सुभारम्भ गर्नुभएको छ ।

कार्यक्रममा अध्यक्ष खतिवडाले बाढीपछि स्वच्छ खानेपानीको अभाव झेलिरहेका नागरिकलाई पुनः सहज रूपमा खानेपानी उपलब्ध गराउन रेडक्रसले गरेको मानवीय कार्यको प्रशंसा गर्दै पालिकाका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो ।



खानेपानी योजना मर्मतका लागि नेपाल रेडक्रस सोसाइटीले रू. ४ लाख ४६ हजार ६ सय ८० आर्थिक सहयोग गरेको थियो ।

उक्त सहयोगबाट आवश्यक मर्मत तथा पुनःस्थापनाको काम सम्पन्न गरिएको हो । योजनाबाट गल्छी गाउँपालिका-६ बैरेनीका १८० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी धादिङ जिल्ला शाखाका सभापति दुर्लभकुमार तामाङ तथा बाढी प्रतिकार्य कार्यक्रमका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

आगलागी प्रभावित परिवारलाई गैह्रखाद्य राहत सामग्री वितरण

ताप्लेजुङ, असोज ८ गते । नेपाल रेडक्रस सोसाइटी ताप्लेजुङ जिल्ला शाखाले जिल्लाको दोभान बजारका आगलागी प्रभावित १७ परिवारलाई गैरखाद्य राहत सामग्री वितरण गरेको छ ।

दोभान बजारमा भएको आगलगागीबाट १० घर पूर्ण रूपमा क्षति भएको छ भने १७ घर परिवारहरू विस्थापित भएका छन् ।

आगलागी भएलगत्तै ताप्लेजुङ जिल्ला शाखाले प्रभावित क्षेत्रमा पुगेर राहत सामग्री वितरण गरेको हो ।



डेंगी सचेतना अभिमुखीकरण सम्पन्न



पाल्पा, असोज ३ गते । नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाको आयोजना र चापपानी उपशाखाको समन्वयमा बगनासकाली गाउँपालिकामा १ दिने डेंगी सचेतना अभिमुखीकरण सम्पन्न भएको छ ।

अभिमुखीकरण कार्यक्रममा बगनासकाली गाउँपालिकाका स्वास्थ्य चौकी प्रमुखहरु, महिला स्वयंसेवीकाहरू, उपशाखाका कार्यसमिति सदस्यहरू, आजीवन सदस्यहरू, युवा रेडक्रस सर्कलका सदस्यहरू र जिल्ला शाखाका पदाधिकारी सहित ५४ जनाको सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाका सभापति बाबुराम कार्कीको उपस्थितिमा भएको अभिमुखीकरण कार्यक्रमलाई जिल्ला शाखाका कार्यालय प्रमुख बिनोद भारतीले सहजीकरण गर्नुभएको थियो ।

रसुवा बाढी प्रतिकार्य गतिविधि

रसुवा भोटेकोशी बाढी प्रतिकार्यः सिकाई तथा योजना कार्यशाला सम्पन्न

काठमाडौँ, असोज १८ गते । नेपाल रेडक्रस सोसाइटीले रसुवा भोटेकोशी बाढीको सिकाई तथा योजना कार्यशाला काठमाडौँमा आयोजना गरेको छ ।

रसुवा भोटेकोशीमा भदौं १० गते आएको बाढीले पारेको प्रभाव र नेपाल रेडक्रस सोसाइटीले बाढी लगत्तै गरेका कार्यहरूको समिक्षा गर्दै प्रभावित क्षेत्रमा गर्नुपर्ने कार्यहरूका लागि योजना बनाउने उद्देश्यले कार्यशालाको आयोजना गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशालकुमार भण्डारीको अध्यक्षतामा भएको कार्यशालाको सहजीकरण महामन्त्री ऋषिरमण खनालले गर्नुभएको थियो । कार्यक्रममा रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ आइएफआरसी नेपालका प्रमुख डेभिड फिसर, रेडक्रसको अन्तर्राष्ट्रि समिति आइसीआरसी नेपाल प्रमुख सन्देश श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष कविन्द्र कार्की, केन्द्रीय सदस्यहरू, बाढीबाट प्रभावित जिल्लाहरू रसुवा, नुवाकोट र धादिङ, जिल्ला शाखाका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । साथै कार्यशालामा नेपाल रेडक्रस सोसाइटीका चितवन, गोरखा, कास्की, नवलपरासी पूर्व र पश्चिम जिल्ला शाखाका पदाधिकारीहरूको पनि सहभागिता रहेको थियो ।



कार्यशालाले आगामी तीन महिनाका लागि गर्नुपर्ने तत्कालीन योजनाहरूको सूची तयार गरेको छ ।

विदुर ५ का बाढी प्रभावित परिवारलाई नगद सहयोग

नुवाकोट, असोज ५ गते । गत भदौं १० गतेको भोटेकाशी बाढीका कारण प्रभावित बिदुर नगरपालिका वडा नम्बर ५ का नागरिकहरुलाई नुवाकोट रेडक्रस सोसाईटी मार्फत नगद सहयोग उपलब्ध गराईएको छ । रेडक्रसको बहुउद्देश्यीय नगद सहायता कार्यक्रमअन्तर्गत दुईसय ५७ जना प्रभावितहरुलाई नगद सहायता उपलब्ध गराइएको हो । यस अन्तर्गत मृतकका परिवार, बेपत्ता भएकाका परिवार र घर पूर्ण र घरमा बस्ने अवस्था नरहेका परिवारलाई १५ हजार रुपैयाँका दरले नगद सहायता उपलब्ध गराईएको छ ।

कूल प्रभावित दुईसय ८७ जना मध्ये १ सय ५१ जनालाई बैंक खाता मार्फत नगद उपलब्ध गराईएको छ भने बाँकी ३० जनालाई वडा कार्यालय मार्फत नै रकम उपलब्ध गराईनेछ ।

नुवाकोट रेडक्रसले बिदुर नगरपालिकाका बाढी प्रभावित १७ सय १० जनालाई नै नगद सहायता उपलब्ध गराउने तयारी रहेको छ ।

